**जनकपुरधाम उपमहानगरपालिका**
जनकपुवधाम उप-महानगवपानिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल
फोन नं. ५२०५२०, ५२०१४६
Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com

पत्र संख्या :- २०७९/८०(आ.प्र)
चलानी नं.:- १०३३६

मितिः- २०८०/०३/११

**विषयः- चालु आ.व. को अन्तिम भुक्तानी सम्बन्धमा पुन: जारि सूचना।**

**श्री विषयगत शाखा/महाशाखा (सबै),**
**श्री वडा कार्यालय (सबै),**
**श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति (सबै),**
**श्री सरोकारवाला संघ संस्था (सबै),**

उपरोक्त सम्बन्धमा यस कार्यालयको प.सं. २०७९/०८०(प्र.प्र.अ.) च.नं. ८५८५ मिति २०८०/०२/१९ गतेमा चालु आ.व. २०७९/०८० को अन्तिम भुक्तानी सम्बन्धमा जारि गरिएको परिपत्र सम्बन्धमा विदितै छ होला, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनु पर्ने रकम आ.व. समाप्त हुनु भन्दा कम्तिमा ७(सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरि भुक्तानी निकासा बन्द गर्नु पर्ने कानूनी प्रावधान रहेकोले, आ.व.को अन्त्यमा कामको चाप बढि हुने, ७५३ वटै स्थानिय तहबाट अधिक प्रयोगको कारण स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा समस्या आउने, कर दाखिला गर्नु पर्ने, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त खर्च नभएको अनुदान रकम फिर्ता गरि प्रतिवेदन पठाउने, कोष तथा लेखा नियन्त्रक कार्यालयमा भौचर पठाउनु पर्ने साथै सम्पूर्ण कारोवारहरुको हिसाब मिलान गर्नु पर्ने भएको हुँदा यस जनकपुरधाम उपमहानगरपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मिति २०८०/०३/१५ गते भित्र पूर्णरुपमा सम्पन्न गरि मिति २०८०/०३/२० गते भित्र भुक्तानी लिनु हुन सबै सरोकारवालाहरुलाई अनुरोध गरिन्छ। साथै सो अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा वा भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारीको लागि पुन: यो सूचना जारि गरिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि हार्दिक अनुरोध गर्दछु।

२०८०/०३/११

**(दिनेश चौधरी)**
**लेखापाल**

२०८०/०३/११

**(रत्नेश शशि)**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत

**बोद्यार्थ तथा कार्यार्थ**

श्री सूचना तथा प्रविधि शाखा, ज.उ.म.न.पा कार्यालय, - WebSite तथा पालिकाको सामाजिक संञ्जालमा Upload गरि दिनु हुन।